# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मितिः २०७९।१२।२८ गते ।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

मालपोत कार्यालय, पर्सामा आ.व. २०७२।०७३ मा जग्गा किनवेचका क्रममा विभिन्न लिखतबाट उठेको राजस्व रकम (रजिष्ट्रेशन दस्तुर र पुँजीगत लाभकर) नियमानुसार दाखिला नगरी हिनामिना गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा विभिन्न मितिमा जग्गा किनबेचको क्रममा उठाएको राजस्व रकम दाखिला नगरी हिनामिना गरी भ्रष्टाचारजन्य कसुरमा संलग्न देहायबमोजिमका कर्मचारीहरुलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विषेश अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

क. **मालपोत कार्यालय, पर्साका तत्कालीन कार्यालय प्रमुख प्रकाश प्रसाद पोखरेलले** मालपोत कार्यालय, पर्सामा दैनिक लिखत रजिष्ट्रेशन पारित हुँदा राजस्ववापत प्राप्त हुने रकम उठाउने र बुझाउने सन्दर्भमा निरन्तर अनुगमन गर्नुपर्नेमा कुनै अनुगमन नगरी आ.व. २०७२।०७३ को निजको कार्यकालमा संकलन भएको राजस्व रकम मध्ये रु.९३,६६,२०९।- राजस्व हिनामिना हुँदा समेत प्रतिवादी मदन प्रसाद गुप्तालाई राजस्व हिनामिनामा प्रोत्साहन गरी राजस्व दुरुस्तरुपमा दाखिला नगराएको देखिंदा निज प्रकाश प्रसाद पोखरेलउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने भ्रष्टाचारजन्य कार्य गरी सोही दफा ७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को कसुरमा निजलाई बिगो रु.९३,६६,२०९।- (त्रियानब्बे लाख छैसठ्ठी हजार दुई सय नौ रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकमको दोव्वर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

ख. **मालपोत कार्यालय, पर्साका तत्कालीन कार्यालय प्रमुख गम बहादुर विश्वकर्माले** मालपोत कार्यालय, पर्सामा दैनिक लिखत रजिष्ट्रेशन पारित हुँदा राजस्ववापत प्राप्त हुने रकम उठाउने र बुझाउने सन्दर्भमा निरन्तर अनुगमन गर्नुपर्नेमा कुनै अनुगमन नगरी आ.व. २०७२।०७३ को निजको कार्यकालमा संकलन भएको राजस्व रकम मध्ये रु.१,४१,८२५- राजस्व हिनामिना हुँदा समेत प्रतिवादी मदन प्रसाद गुप्तालाई राजस्व हिनामिनामा प्रोत्साहन गरी राजस्व दुरुस्त रुपमा दाखिला नगराएको देखिंदा निज गम बहादुर विश्वकर्माउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी हिनामिना गर्ने भ्रष्टाचारजन्य कार्य गरी सोही दफा ७ मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को कसुरमा निजलाई बिगो रु.१,४१,८२५- (एक लाख एकचालीस हजार आठ सय पच्चीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (घ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकमको दोब्बर जरिवाना हुन समेतको मागदावी लिइएको छ।

ग. **मालपोत कार्यालय, पर्साका तत्कालीन नायब सुब्बा मदन प्रसाद गुप्ताले** मालपोत कार्यालय, पर्सामा लिखत रजिष्ट्रेशन पारित हुँदा प्राप्त हुने राजस्व उठाउने र उठेको राजस्वको विस्तृत विवरणसहित लेखा शाखामा बुझाउने कर्तव्य भएका निजले उठाएको राजस्व प्रचलित कानूनबमोजिम दाखिला नगरी आ.व. २०७२।०७३ मा संकलन भएको राजस्व रकममध्ये रु.९५,०८,०३४।— हिनामिना गरी चुहावट गरेको पुष्टि हुन आएको देखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम उठाएको राजस्व दाखिला नगरी हिनामिना गर्ने भ्रष्टाचारजन्य कार्य गरी सोही दफामा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को कसुरमा निजलाई बिगो रु.९५,०८,०३४।— (पञ्चानब्बे लाख आठ हजार चौतीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकमको दोव्वर जरिवाना हुन मागदावी लिइएको छ।

घ. **मालपोत कार्यालय, पर्साका तत्कालीन लेखापाल नागेन्द्र प्रसाद चौधरीले** मालपोत कार्यालय, पर्सामा लिखत रजिष्ट्रेशन पारित हुँदा प्राप्त हुने राजस्व लेखा शाखामा बुझाउन ल्याउँदा चलानी र रसिद भिडाएर राजस्व बुझ्नुपर्छ भन्ने कानूनी व्यवस्था विपरीत आ.व. २०७२।०७३ मा संकलन भएको राजस्व रकम मध्ये रु.९५,०८,०३४।—हिनामिना गर्नमा प्रतिवादी मदन प्रसाद गुप्तालाई मद्दत पुर्‍याई, आफूसमेत संलग्न भई उठाएको राजस्व दुरुस्तरुपमा प्रत्येक दिनको बुझि लिने र बैंक दाखिला गर्नुपर्नेमा गरेको नदेखिंदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ र सो दफा ७ को खण्ड (ग) बमोजिम उठाएको राजस्व दाखिला नगरी हिनामिना गर्ने भ्रष्टाचारजन्य कार्य गरी सोही दफामा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को कसुरमा निजलाई बिगो रु.९५,०८,०३४।— (पञ्चानब्बे लाख आठ हजार चौतीस रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनको दफा ७ बमोजिम राजस्व हिनामिना भएको रकमको दोव्वर जरिवाना हुन मागदावी लिइएको छ।

प्रवक्ता
भोला दाहाल